# चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## शान्तिपुर, गुल्मी
### लुम्बिनी प्रदेश, नेपाल

# नदीजन्य पदार्थ उत्खनन् बिक्री सम्बन्धी बोलपत्र आह्वानको सूचना

*(प्रकाशित मितिः- २०७९/९/१४ गते)*

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ घ (१),घ(२) र घ(६) मा भएको अधिकार प्रयोग गरी वातावरण संरक्षण ऐन २०७६ तथा नियमावली २०७७, लुम्बिनी प्रदेश सरकारको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५, संघीय सरकारको ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ साथै चन्द्रकोट गाउँपालिकाको वातावरणीय परिक्षण प्रतिवेदन (IEE) ले पेश गरेको प्रतिवेदन अनुसार यस गाउँपालिका वडा नं. ७ र ८ अन्तर्गत रहेको वडिगाड नदीका विभिन्न बगर क्षेत्रका साथै वडा नं. २ को खहरेखोलाका विभिन्न नाकाबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन्, संकलन गरी बिक्री वितरण गर्नुपर्ने भएकोले प्रारम्भिक वातावरणीय परिक्षणको स्वीकृत प्रतिवेदनमा उल्लेख भए बमोजिमका शर्तहरुको अधिनमा रही निम्नानुसारको न्यूनतम ठेक्का अंकमा नघट्ने गरी आर्थिक वर्ष २०७९/०८० को बाँकी अवधी (२०८० जेठ मसान्त) सम्मको लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएको हुँदा इच्छुक प्रचलित कानुन बमोजिम दर्तावाला फर्म/कम्पनीहरुबाट तपशिल अनुसारको ठेक्काको बोलपत्र फाराम खरिदको लागि यस गाउँपालिकामा राजश्व वापतको शुल्क (फिर्ता नहुने गरी) तिरी बोलपत्र फाराम खरिद गरी तपशिलमा उल्लेख भएको म्यादभित्र बोलपत्र खरिद गरी आफूले कबोल गरेको रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई आफै वा आफ्नो आधिकारीक प्रतिनिधिद्वारा कबुल ठेक्का अंकको (मु.अ. कर समेतको) ५ प्रतिशतका दरले हुन आउने धरौटी रकम यस गाउँपालिकाको नेपाल बैङ्क लिमिटेड शान्तिपुर शाखामा रहेको धरौटी खाता नं. २३५०३००००००३०००००००००१ मा जम्मा गरी सोको सक्कल भौचर वा ७५ (पचहत्तर) दिन सम्म म्याद भएको नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त बैङ्कबाट जारी गरिएको विडवण्ड बोलपत्र साथ राखी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।साथै शर्त वा बन्देज सम्बन्धी विस्तृत विवरण यस कार्यालयको वेवसाइट www.chandrakotmun.gov.np मा बोलपत्र फाराम र BOQ संलग्न रहेको छ।

**तपशिल**

| क्र.सं | ठेक्का नं. | नदी र घाटको नाम | परिणाम (घ.फु) | न्यूनतम अंक (मु.अ.क. बाहेक रु.) | धरौटी रकम रु. | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १. | आय ०२/२०७९/०८० | वडिगाड नदीको भुजुंगे र बाघखोला चन्द्रकोट ८ बगर क्षेत्र | १,७७,००० | १०,६२,००० | कबोल अंकको ५% | १,०००।- |
| २. | आय ०३/२०७९/०८० | वडिगाड नदीको चोरकाटे र बोटेगाउँ चन्द्रकोट ७ बगर क्षेत्र | १००,००० | ६,००,००० | कबोल अंकको ५% | १,०००।- |
| ३. | आय ०४/२०७९/०८० | वडा नं. २ को खहरे खोलाका ४ ओटा नाकाबाट | १००,००० | ६,००,००० | कबोल अंकको ५% | १,०००।- |

क) वोलपत्र खरिद गर्न इच्छुक फर्म वा कम्पनीहरुले वोलपत्र खरिद गर्नको लागि ब्यवसाय,फर्म दर्ता प्रमाणपत्रको प्रतिलीपी (नविकरण सहित) आ.ब. ०७८/७९ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलीपी, स्थायी लेखा नम्वर, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपी र नेपाली नागरीकता प्रमाणपत्रको प्रतिलिपी सहित कार्यालय समयमा सुचनाको म्याद भित्र बोलपत्र फाराम खरिद गर्न सकिने छ ।

ख) बोलपत्र खरिद हुने अन्तिम मिति र समय : २०७९ पुस २० गते कार्यालय समयभित्र।

ग) बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय : २०७९ पुस २१ गते दिनको १२ बजे भित्र।

घ) बोलपत्र खोलिने स्थान, मिति र समय :चन्द्रकोट गाउँपालिकाको कार्यालय २०७९ पुस २१ गते दिनको २ बजे।

ङ) प्रचलित ऐन, नियम, कानुन, सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा कार्यालयले ठेक्का तोड्न सक्ने छ । त्यसवाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षवाट सरकारी वाँकि सरह असूल उपर गरिने छ ।

प्रमुख प्रशासकीय अधिकृत